नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**बैदेशिक रोजगार बोर्डको सचिवालय**
आर्थिक प्रशासन शाखा

बवरमहल, काठमाण्डौ
मिति : २०७६/०३/१८

प.सं . २०७५/०७६
च.नं

**विषय :- शिलबन्दी व्याजदर प्रस्ताव पेश गर्ने बारे ।**

**"क " वर्गका वाणिज्य बैङ्कहरु सवै**

वैदेशिक रोजगार कल्याणकारी कोषको विभिन्न बैंकमा परिपक्व भएको मुद्धति खाताको रकम रु. ३३ ( तेत्तिस ) करोड मात्र कल्याणकारी कोष व्यवस्थापन समितिको मिति २०७६/०३/१८ गतेको निर्णय अनुसार "कल्याणकारी कोषको रकम (वाणिज्य बैकमा ) लगानी गर्ने कार्यविधि २०७५" (संशोधन सहित) बमोजिम बिभिन्न "क" वर्गका बाणिज्य बैंकहरुमा १ (एक) बर्षे मुद्धति खातामा नविकरण / लगानी गरिने भएकोले आफुले लिन चाहेको रकम र प्रस्तावित व्याजदर उल्लेख गरी २०७६ साल असार २५ गते दिनको १२ बजे भित्र निम्न अनुसारको विवरण सहित यस सचिवालयमा शिलबन्दी प्रस्ताब दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । सिलवन्दी दरभाउपत्र यस सचिवालयको आर्थिक प्रशासन शाखावाट निशुल्क प्राप्त गरी वा यस सचिवालयको वेभसाईट www.fepb.gov.np बाट डाउनलोड गरी सोही फारम भरि पेश गर्नुपर्नेछ ।

**शर्तहरु :-**

१. नेपाल राष्ट्र बैङ्कबाट तोकिएको न्यूनतम चुक्ता पूँजि पुर्‍याउनुको साथै न्यूनतम पूजिकोष अनुपात कायम गरेको (११ % वा सो भन्दा बढी भएको ) ।
२. खुद तरल सम्पति स्वदेशी निक्षेपको कम्तीमा २०% भन्दा बढी रहेको ।
३. प्रस्ताव पेश गर्ने बाणिज्य बैंक विगत ३ आर्थिक बर्षदेखि नाफामा गएको हुनुपर्नेछ । नाफामा रहेको प्रमाणित हुने आधार र प्रमाण संलग्न गर्नु पर्नेछ ।
४. विभिन्न वित्तिय सूचकाङ्क बमोजिम मूल्याङ्कन गरी कार्यविधि अनुसार अंक प्राप्त गर्ने बैङ्कहरुमा लगानी गरिनेछ ।
५. दरभाउपत्र फारममा आवश्यक वित्तिय सूचकाङ्क पुष्ट्याइ गर्ने विवरणहरु संलग्न गरि पेश गर्नु पर्नेछ ।
६. लगानी गरिने बाणिज्य बैंक नेपाल राष्ट्र बैंकको शिघ्र सुधारात्मक कार्यबाही मा परेको हुन नहुने र कारवाही मा परेको भए फुकुवा भएको १ बर्ष पुरा भएको हुनुपर्नेछ ।
७. दरभाउपत्र पेश गर्ने दिन सार्वजनिक विदा परेमा विदा लगत्तै कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ ।
८. कुनै बैङ्कमा लगानी गर्ने वा नगर्ने भन्ने निर्णय गर्ने अधिकार कल्याणकारी कोष व्यवस्थापन समितिमा रहनेछ ।
९. अनुसुची बमोजिमको ढाँचामा फारम भरी नआएको र ३० दिन भन्दा कम मान्य अवधि भएको दरभाउपत्र उपर कारवाही गरिने छैन ।
१०. यस सम्बन्धि अन्य आवश्यक कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

( राजन प्रसाद श्रेष्ठ )
कार्यकारी निर्देशक

अनुसूची २

## निक्षेपको लागि दरभाउ पत्र पेश गर्ने फारामको नमुना

मिति : ......................

श्री कार्यकारी निर्देशक ज्यू ,

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय,

काठमाण्डौं ।

विषय : शिलवन्दी दरभाउ पत्र सम्वन्धमा ।

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको कल्याणकारी कोषमा रहेको रकम वाणिज्य बैंकहरुमा १ बर्षे मुद्दती निक्षेपमा लगानी गर्ने सम्वन्धमा मिति ............... .मा सूचना प्रकासित भए बमोजिम सूचनामा उल्लेख भएका सवै शर्तहरु पुरा गरि दरभाउ पत्रमा सहभागी हुन योग्य भएको घोषणा गर्दै यो दरभाउ पत्र पेश गरेका छौं. ।

| सि. नं | बैंकको नाम र ठेगाना | निक्षेप लिन चाहेको रकम रु. | | प्रस्तावित व्याज दर (प्रतिशत) | | व्याजदर प्रदान गरिने अवधि |
|---|---|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | अंकमा | अक्षरमा | |
| १ | | | | | | |

यस..................... . . . . . .को ...... .साल..... .........महिनाको वित्तीय सूचकांक यस प्रकार रहेको छ ।

| क्र.स. | विवरण | इकाई | वित्तीय सूचकांक |
|---|---|---|---|
| १. | निष्क्रिय कर्जा (NPA) :<br>( Non Performing Assits-) | प्रतिशत | |
| २. | खुद तरल सम्पत्ति/स्वदेशी निक्षेप :<br>( Net Liquidity - NLP) | प्रतिशत | |
| ३. | पूंजी कोष :अनुपात<br>( Capital Adequacy Ratio CAR) | प्रतिशत | |
| ४. | खुद सम्पती ( Net worth )<br>Total assets - Current Labilities) | रकम रु | |
| ५. | चुक्ता पूंजी | रकम रु | |
| ६. | संस्थागत निक्षेप/ कुल निक्षेप<br>अनुपातमा प्रतिसत / | प्रतिशत | |
| ७ | खुद संचालन मुनाफा | रकम रु | |

| | | | |
|---|---|---|---|
| ८ | जम्मा निक्षेप रकम<br>(क) संस्थागत .......<br>(ख) व्यक्तिगत ......... | रकम रु | |

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालय २०६४

नोट : १. सम्पूर्ण विवरण नभरी प्राप्त भएको दरभाउपत्र मूल्याङ्कन प्रक्रियामा समवेश गरिने छैन ।

२. माथि उल्लेखित सम्पूर्ण वित्तिय सूचकाङ्कहरु मध्ये मूल्याङ्कन प्रयोजनका लागि तोकिएका सूचकाङ्कहरु मात्र प्रयोग गरिने छ ।

३. दरभाउपत्रको मान्य् अवधि तिस दिन सम्म रहने छ । सो भन्दा घटी अवधि भएको वा कुनै शर्त राखिएको दरभाउ पत्र मान्य हुनेछैन ।

४. कुनै पनि बैङ्कमा लगानी गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कल्याणकारी कोष व्यवस्थापन समितिमा रहने छ ।

माथि उल्लेख गरिएका सम्पूर्ण वित्तिय विरिणहरु सहि र सत्य छन् । मुद्धती खातामा रकम निक्षेप लिने प्रयोजनका लागि कुनै विवरण गलत उल्लेख भएका छैनन भनि हस्ताक्षर गर्ने :

बैंकको आधिकारीक पदाधिकारीको

दस्तखत

नाम :

पद :

सम्पर्क मोवाईल नम्वर :

इमेल :

मिति :

बैंकको नाम :

बैंकको ठेगाना :

बैंकको छाप :